**मरिण गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**कपिलाकोट, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

पत्र संख्या: २०८०/०८१

## मरिण गाउँपालिकाको स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अवाहित महिलाको लागि प्रोत्साहन रकम प्रदान सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति: २०८०/०८/१०*

मरिण गाउँपालिकाको आ.व. २०८०/२०८१ को बार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने तथा अविवाहित महिलालाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयानार्थ २० बर्ष उमेर पूरा भएका मरिण गाउँपालिका क्षेत्र भित्र संचालित क्याम्पसमा अध्ययन गरी स्थायी रुपमा बसोबास गर्ने स्नातक तह उत्तीर्ण किशोरी तथा अविबाहित महिलालाई रु.१०००००।– (अक्षरेपि एक लाख) नगद हस्तान्तरण गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र मरिण गाउँपालिकाको स्नातह तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलालाई प्रोत्साहन रकम प्रदान सम्बन्धी कार्यविधि, २०७९ बमोजिम आवश्यक कागजातहरु संग्लन गरी मरिण गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिन हुन सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

❖ **<u>आवेदनको साथ संगलन गर्नु पर्ने आवश्यक कागजातहरु:</u>**

१. नागरिकताको प्रतिलिपि,

२. स्नातक तह उत्तीर्ण गरको चारित्रिक प्रमाण-पत्र (ट्रान्सक्रिप्ट समेत),

३. अविवाहित रहि गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरिरहेको व्यहोरा जनिएको वडा कार्यालयको सिफारिस पत्र ।

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

*<u>पुनश्च:</u> उल्लिखित प्रोत्साहन रकम एवं सुविधा स्नातह तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलालाई प्रोत्साहन रकम प्रदान सम्बन्धी कार्यविधि, २०७९ को दफा ७(१) बमोजिम एक पटक मात्र उपलब्ध गराईने अवगत गराईन्छ ।*